महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७८

माङसेबुङ गाउँपालिका, इलाम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं. १९

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
माङसेबुङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
इलाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं नेपाल

Babar Mahal, Kathmandu, Nepal

नेपाल
२०१६

(प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं.: १४ मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
इलाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले माङसेबुङ गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१.पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।

२.लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७/११/१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ यसैसाथ संलग्न छ

३.लेखापरीक्षणबाट रु.१ करोड ४६ लाख ५९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६९ लाख २० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु. ४५ लाख ४० हजार र पेश्की बाँकी रु.२८ लाख १ हजार रहेको छ ।

४.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

माङसेबुङ गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस माङसेबुङ गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, १४२.४१ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ५०३ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष - आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः
गाँउपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छैन । गाँउपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

एकिकृत आर्थिक विवरण २०७६/७७

आय तर्फ				व्यय तथा मौज्दात तर्फ			
सि.नं.	विवरण		रकम	सि.नं.	विवरण		रकम
1	गत वर्षको जिम्मेवारी		१९६७९०३४.६८	1	चालु खर्च		१६१३२१३८५.११
	क) सञ्चित कोष	१९२९४५८८.१८			आन्तरिक श्रोत	१५२७१२४८.५२	
	ख) धरौटी	२९५३५०.००			राजश्व वाँडफाँड	४००५७७७२.५९	
	ग) विविध कोष	८९०९६.५०			विशेष अनुदान	०	
					समानिकरण अनुदान	५६९६३०५.००	
					सशर्त अनुदान	१००२९५४५९.००	
					अन्य अनुदान	०	
					इसिसि खर्च बैंक बाट काटिएको	६००.००	
2	राजश्व (आन्तरिक आय)		५७०५९७६१.३५	2	पुँजीगत खर्च		१०८२८२५२९.१०
	आन्तरिक स्रोत	९२०३४४५.२०			आन्तरिक श्रोत	६३६५००.००	
	सघिय राजस्व	४५०५१८०९.९०			राजश्व वाँडफाँड	३०२२८०१.१०	
	प्रदेश राजस्व	२८०४५०६.२५			विशेष अनुदान	१९५४३६०.००	
					समपुरक अनुदान	१४०९०८४३.००	
					समानिकरण अनुदान	६५७४४७२८.००	

					सशर्त अनुदान	२२८३३२९७.००	
3	वित्तीय हस्तान्तरण (संघीय सरकार)		२२१५६३०००.००	3	वित्तीय व्यवस्था		०
	क) समानिकरण अनुदान	८६१०००००.००			ऋण भुक्तानी	०	
	ख) सशर्त अनुदान	१३१३६३०००.००			व्याज भुक्तानी	०	
	ग) विशेष अनुदान	०			अन्य भुक्तानी	०	
	घ) समपुरक अनुदान	४१००००००.००					
4	वित्तीय हस्तान्तरण (प्रदेश सरकार)		३२६८४०००.००	4	लगानी		०
	क) समानिकरण अनुदान	६९७९०००.००			ऋण लगानी	0.00	
	ख) सशर्त अनुदान	१३७०५०००.००			शेयर लगानी	0.00	
	ग) विशेष अनुदान	२००००००.००		5	विभिन्न कोषको खर्च		३९४०६१२.५०
	घ) समपुरक अनुदान	१००००००००.००			क) विविध कोष	0.00	
	ङ) अन्य अनुदान	०			ख) आकष्मिक कोष	0.00	
					ग) प्रकोप व्यवस्थापन कोष	३९४०६१२.५०	
5	वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह)		०	6	धरौटी फिर्ता/सदरस्याहा		१०६८४६५.२५
	अन्तर स्थानीय तह	०			फिर्ता	१०६८४६५.२५	
6	अन्तर सरकारी अख्तियारी		५५३५१०००.००				
	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग314010113	१३०२००० .००		7	अन्तर सरकारी अख्तियारी		५२७४६४६५.६६
	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग314010114	२०६०००.००			राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग314010113	७४१४४७.००	
	सामाजिक सुरक्षा तथा संरक्षण314010123	४४४१९०००.००			राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग314010114	१८७८००.००	

	गरिब सँग विशेश्वर 336001023	४९५०००.००			सामाजिक सुरक्षा तथा संरक्षण314010123	४२५५७०००.००	
	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम365001043	८९१९०००.००			गरिब सँग विशेश्वर 336001023	३४७५२८.००	
	राष्टपति महिला उत्थान कार्यक्रम 340001053	१००००.००			स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम365001043	८९१२६९०.६६	
					राष्टपति महिला उत्थान कार्यक्रम 340001053	०	
7	अन्य आय		०	8	मौज्दात		६६३८६८९४.६६
	अन्य आय	०			**क) सञ्चित कोष**	४३५४५८८८.०५	६०१४०५५९.६०
8	विभिन्न कोष तर्फको आय		७४०९५५६.२५		पुजिगत	५२५२८२९.०९	
	क)धरौटी	२७३३९७०.७५			चालु	११३४१८४२.४६	
	ख) विविध कोष	१२१९७०.००			ख) विविध कोष	१०११०६६.५०	
	ग) प्रकोप व्यवस्थापन कोष	४५५३६१५.५०			ग) प्रकोप व्यवस्थापन कोष	६१३००३.००	
					घ) धरौटी	१९६०८५५.००	
9	दायित्व		०		ङ) निकासा नलिएको अनतर सरकारी वितिय हस्तानतरण	२६०४५३४.००	
	पुजिँगत खर्च खाताको दायित्व	०			छ)शश्रत अनुदान बापतको रकम कम निकासा लिएको	५६८७६.५६	
	चालु खर्च खाताको दायित्व	०			च) नगद मौज्दात	०	
	धरौटी खाता दायित्व	०					
	विविध कोष खाता दायित्व	०					
	जम्मा		३९३७४६३५२.२८		जम्मा		३९३७४६३५२.२८

नोट - २०७६/७७ को फिर्ता गर्न बाकी देखिएको रकम

सघिय तर्फ -**२०९१५९०३/८७**

प्रदेश तर्फ - **१०७८१३७/–**

कार्यालय– माङसेबुङ गाउँपालिका, इलाम		आ.व. –२०७६/७७
दफा नं.	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	**बेरुजू रकम रु.**
	असुलीको स्थिति – लेखापरीक्षणको क्रममा रु. ५९१३३ र प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु. २४०३४० गरी जम्मा रु. २९९४७३।०० असुल भएको छ ।	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाँउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाँउपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वारा भौचर लाई बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेकोमा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको देखिन्छ । • स्थानीय तहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन ।	
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • गाँउपालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।	

कार्यालय– माङसेबुङ गाउँपालिका, इलाम आ.व. –२०७६/७७

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	• गाँउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाँउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी वडा तहको समेत सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाँउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाँउपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • गाँउपालिकाले सहायक जिन्सी खाता मार्फत वडा कार्यालय लगायत विभिन्न कर्मचारीलाई प्रयोग गर्न दिएका जिन्सी सामानहरुको जिम्मा जमानी गराई राखेको देखिएन। • वडा कार्यालय तथा विषयगत शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाँउपालिकाको एकिकृत मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • केही कर्मचारी तथा शिक्षकहरुलाई स्थायी लेखा नम्बर बेगर तलब भत्ता भुक्तानी गर्ने गरेको देखियो। • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको र इ-टी.डि.एस. समेत नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी खर्चको रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	

कार्यालय– माङसेबुङ गाउँपालिका, इलाम		आ.व. –२०७६/७७
दफा नं.	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	**बेरुजू रकम रु.**
	• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाँउपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • गाँउपालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • कार्यालयले सामान खरिद गर्दा स्थायी लेखा नम्बरमा दर्ता नभएका विक्रेताबाट समेत खरिद गर्ने गरेको देखियो। • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले सशर्त एवं निशर्त तर्फका कर्मचारीहरुलाई तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु . ८ करोड ३४ लाख १९ हजार तलब भत्ता बापत खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • योजनाको खर्च रकम भुक्तानी गर्दा प्रायजसोमा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको देखिएन। • गाँउपालिका प्रमुखले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश कार्यपालिका बैठक बाट स्वीकृत वा अनुमोदन नगराई आफैले स्वीकृत गर्ने गरेको । • भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको । • भ्रमण आदेशमा स्पष्ट काम नखुलाई कार्यालय सम्बन्धी काम उल्लेख गर्ने गरेको । • सुभकामना खर्चमा नियन्त्रण गर्ने नगरेको । • मोटरसाइकल मर्मत खर्चमा नियन्त्रण नभएको । • विद्युत महशुल यथासमयमै नबुझाई ढिलाई गरी थप दस्तुर समेत तिर्ने गरेको ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सुनिता सुब्बाले २०७६।३।३० गते रु. २८ करोड ७४ लाख ५३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
४.	**चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम कार्यालयले स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति विश्लेषण गर्दा अन्तिम चौमासिकमा एवं विशेष गरी आषाढ महिनामा निम्नानुसार बढी खर्च गरेको देखिन्छ ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१	गाँउपालिका पूँजिगत	६८८२४	२६८	५२१९	६३३३७	३३८६५
२	प्रदेश समपुरक अनुदान	९९९०	०	०	९९९०	९९९०
३	संघीय समपुरक अनुदान	४१००	०	०	४१००	४१००
४	संघीय सशर्त	१०४२१	०	०	१०४२१	१०४२१
५	प्रदेश सशर्त	१४३६६	०	०	१४३६६	१२७१६
	कूल खर्चः	१०७७०१	२६८	५२१९	१०२२१४	७१०९२
	खर्च प्रतिशत	१००	०.२५	४.८५	९४.९०	६६.००

वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
५.	**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाँउपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	१८५४९०००.००	१०३५४७२६.१९	५५.८२
सामाजिक क्षेत्र	१५८५८१११०.००	१२०३६३२१५.२०	७५.९०
पूर्वाधार विकास क्षेत्र	९८७५८५००.००	८४८८०६९१.७०	८५.९४
वातावरण तथा विपद् व्यवस्थापन	-	-	-
संस्थागत विकास र सेवा प्रवाह	-	-	-
वित्तीय व्यवस्थापन र सुशासन	४८४६५००.००	४१८६६४१.००	८६.३८
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	७७९८५५४९.००	४९४२८३७.९३	६०.३३
जम्मा	**३५८७२०६५९.००**	**२२४७२८११२.०२**	**६२.६५**

६.	**सेवा प्रवाह –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाँउपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाँउपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाँउपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।	

क्र.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या	कैफियत
१	नागरिकता सिफारिस	३१८	३१८	
२	घरबाटो सिफारिस	८९	८९	
३	नाता प्रमाणित	८२	८२	
४	जन्म मृत्यु दर्ता	४९७	४९७	
५	अन्य	४८६	४८६	
	जम्मा	**१४७२**	**१४७२**	

७.	**कर्मचारी व्यवस्था –** निजामति सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्दछ । गाँउपालिकाबाट प्राप्त विवरण अनुसार विभन्न पद र श्रेणीका गरी ४४ जनाको दरबन्दी स्वीकृत भएकोमा २८ मात्र पूर्ति भएको देखियो । अधिकृत २ जना सहित १६ पद रिक्त रहेका छन् । दरबन्दी भित्र र दरबन्दी बाहेकका समेत १३ पदमा करारमा कर्मचारी राखि कार्य सञ्चालन गरिरहेको अवस्था छ । निजामति सेवा ऐन तथा नियमावली अनुसार कर्मचारीको नियुक्ती र पदपुर्ति हुनुपर्दछ ।	
८.	**न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यस बर्ष विभिन्न विषयका ८ वटा विवाद दर्ता भएकोमा ७ फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
९.	**कानून निर्माण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हालसम्म १३ ऐन, ३ नियमावली, २६ कार्यविधि र ६ निर्देशिका समेत ४८ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।	
१०.	**निजी सचिव** - गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(३) मा गाँउपालिकाको प्रमुख तथा उपप्रमुखले कार्यालय प्रयोजनका लागि कार्यालयको राजश्व, आन्तरिक आय एवं कार्यबोझ समेतलाई ध्यानमा राखी १ जना कर्मचारी निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ । कार्यालयले कार्यपालिकाको बैठक समेतबाट निर्णय गराई निजी सचिवको रुपमा २ कर्मचारी नियुक्त गरी तलब भत्ता, चाडपर्व खर्च बापत वर्ष भरमा रु. ४६८०००/- खर्च लेखेको देखियो । ऐनमा भएको व्यवस्था अनुसार १ जना कर्मचारीलाई मात्र निजी सचिवको रुपमा राख्न सकिने हुँदा बढी राखेको १ जनाको पारिश्रमिक रु. २३४०००/- कार्यालयलाई थप व्ययभार पर्न गएको रु....	२३४०००/-
११.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष गाँउपालिका चालु शिर्षकबाट खाना तथा विविधतर्फ मात्र रु. ६५१४६२/- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
१२.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले औषधी उपचार प्रयोजनको लागि कार्यविधि तयार नगरी यो वर्ष विभिन्न रोगका अतिरिक्त कडा रोगका बिरामीहरुलाई प्रति व्यक्ति बढीमा रु. २००००/- का दरले रु. १०६४०००/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
१३.	**अनुदान फिर्ता** — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा संघीय सरकारतर्फ रु. २०९१५९०३।८७ र प्रदेश सरकारतर्फ रु. १०७८१३७/- अनुदान खर्च नभई बाँकी रहेकोमा २०७७।६।२८ मा मात्र फिर्ता गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा नै यस्तो बाँकी रकम फिर्ता गर्न कार्यालयले ध्यान पुर्याउनु पर्दछ ।	
१४.	**कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क आदि उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

एकीकृत सम्पत्ति कर र घरजग्गा कर	५०००००	३१३६१५	६२.७२
घरजग्गा वहाल कर	५००००	४४१६२	८८.३२
व्यवसाय कर	१०००००	१९५००	१९.५०
वहाल विटौरी शुल्क	०	०	०

गाँउपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

१५. **मूल्य अभिवृद्धि कर भुक्तानी** - मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार ठेक्का वा करार अन्तर्गत आपूर्ती हुने बस्तु वा सेवाको मूल्य अभिवृद्धि कर सहितको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम निजको नामबाट कार्यालयले सम्बन्धित राजस्व शिर्षकमा जम्मा गर्नुपर्दछ। गाँउपालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु. १००४२६।४० कट्टि गरी सम्बन्धित राजस्व शिर्षकमा जम्मा नगरी फर्मलाई नै भुक्तानी दिएको देखियो । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.. — १००४२६/-

गो.भौ. मिति	आपूर्तकको नाम	विल रकम	मु.अ. कर रकम	५० प्रतिशत मु.अ. कर
संघीय सशर्त चालु				
६४-०७७।३।२२	काष्टमण्डप फर्मा लिङ्क	११२०२६७।८२	१४५६३४।८१	७२८१७।४०
गाँउपालिका कृषि पूँजिगत				
२-०७७।२।३१	विराट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	४२४७६०	५५२१८	२७६०९
		जम्मा	**२००८५२।८१**	**१००४२६।४०**

गाँउपालिका चालु तर्फ

१६. **नागरिक भत्ता वितरण** – स्थानीय तहले आफ्नो क्षेत्रमा अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्दछ । गाँउपालिकाको आफ्नो आन्तरिक श्रोत पर्याप्त भई वितरणमुखी योजनाहरु नै सर्वसम्मतीले छनौट गरेमा पनि नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ । नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरीक, एकल महिलालाई मासिक रुपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । त्यस्तै स्वास्थ्य कार्यक्रम अन्तरगत गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आई गर्भवती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा पोषण भत्ता समेत दिँदै आएको छ । त्यस्तै मुटु, क्यान्सर, मृगौला जस्ता कडा एवं दिर्घ रोगीहरुलाई अस्पतालमा उपचार गर्दा लाग्ने उपचार खर्चमा रु. १ लाख सम्मको खर्च नेपाल सरकारले व्यहोर्दै आएको छ । यसरी नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरोपन हुने गरी गाँउपालिकाले ९० वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई मासिक रु. १०००/- का दरले यस वर्ष १७ जनालाई रु. २०४०००/- खर्च लेखेको छ । त्यसै गरी सुत्केरी स्याहार तथा पोषण भत्ता बापत स्वास्थ्य संस्थामा ४ पटक गर्भवती जाँच गराई स्वास्थ्य संस्था मै सुत्केरी भई ३५ दिन भित्र जन्म दर्ता गराएको प्रमाणको आधारमा २

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	पटक सम्म प्रति पटक रु. ३०००/- ले यस वर्ष रु. ९३०००/- खर्च भुक्तानी भएको छ । जनप्रतिनिधिहरु निर्वाचित भएको वर्षदेखि यस वर्ष सम्म यसरी प्रदान गरेको भत्ता सुविधाहरु सम्बन्धी पालिकाले कुनै पनि कार्यविधि बनाएको देखिएन । गाँउपालिकाले यस वर्ष आफ्नो आन्तरिक श्रोत बाट रु. १७१७६४१/- आय आर्जन गरेकोमा तलब भत्ता लगायत वर्ष भरको चालु खर्च रु. ७६२००९९।७६ देखिन गएको छ । यसरी आर्जित आन्तरिक श्रोतले एक चौथाई चालु खर्च पनि धान्न नसकेको अवस्थामा नेपाल सरकारले दिएको सामाजिक सुरक्षा बापतको सुविधामा दोहोरोपन हुने गरी गरेको अनुत्पादक, नगद वितरणमुखी कार्यक्रमहरुलाई निरुत्साहित गर्न गाँउपालिकाले ध्यान पुर्याउनुपर्ने देखिएको रु......	२९७०००/-
१७.	**विस्तृत परियोजना प्रतिवेदन -** भौ नं. ३६८-०७७।३।२१ बजेट व्यवस्था भई कार्यान्वयन हुने सुनिश्चित भएका आयोजनाको मात्र कार्यालयले गुरुयोजना (डी.पी.आर.) प्रतिवेदन तयार गर्नुपर्दछ । गाउँपालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार गाउँपालिकाका सम्पूर्ण वडाहरुमा व्यवसायिक कृषि तथा पशुपालनको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने कार्य पिरामिड टेक्निकल इन्स्टिच्युट प्रा.लि. बाट गराई रु. ११८९५५१/- खर्च लेखेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गर्ने गरेको देखियो । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु बजेट प्राप्त भै कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता देखिएन ।	
१८.	**औषधी खर्चको अभिलेख -** पशुहरुको औषधी उपचारका लागि खरिद भएका विभिन्न औषधीहरु जिन्सीबाट खर्च लेख्दा पशुहरुको औषधी उपचार गरेको विवरण संलग्न गर्नुपर्दछ । देहायको विवरण अनुसार पशुहरुलाई औषधी उपचार गरेको अभिलेख बेगर खरिद भएका पशु उपचार सम्बन्धी विभिन्न औषधिहरु जिन्सीबाट खर्च लेखेको देखियो । यसरी खर्चको पुष्टयाई प्रमाण संलग्न नगरी औषधी खर्च लेख्न मिल्ने नदेखिएको रु....	२९७५७३/-

भौ नं. र मिति	पशु औषधी आपूर्तकको नाम	औषधी खर्च रकम
गाँउपालिका चालु (पशु तर्फ)		
५-०७७।२।२३	गर्तौला भेट फर्मा	९२५७३।१७
संघीय सशर्त (चालु तर्फ)		
११-०७६।८।२२	गर्तौला भेट फर्मा	१४५०००।००
५३-०७७।३।१५	गर्तौला भेट फर्मा	६००००।००
	जम्मा	**२९७५७३।१७**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
१९.	**निजी शिक्षक तलब भत्ता अनुदान -** स्थानीय तहले समानिकरण अनुदान समेतको अंश रहेको गाँउपालिका चालु बजेटबाट निजी शिक्षकको तलब भत्तामा अनुदान दिन मिल्ने देखिँदैन । विद्यालयमा विद्यार्थि संख्या र गुणस्तर सुधार गर्न अंग्रेजी माध्यमबाट पठनपाठन गराउन प्रोत्साहन गर्ने गाँउ सभाको निर्णय अनुसार	४००९०९२/-

कार्यालय– माङसेबुङ गाउँपालिका, इलाम		आ.व. –२०७६/७७
दफा नं.	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	**बेरुजू रकम रु.**
	गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका पठनपाठन सञ्चालन गरेका तर शिक्षक दरबन्दि स्वीकृत भई नसकेका विभिन्न विद्यालयका १३ जना निजी शिक्षकहरुको तलब भत्ता, चाडपर्व खर्च र पोशाक बापत यस वर्ष रु. ४००९०९२।३३ निकासा दिएको देखियो । पालिकाको आन्तरिक आय ज्यादै न्यून भएको अवस्थामा समानिकरण अनुदान एवं राजस्व बाँडफाँड बापत प्राप्त रकम समेतबाट निजी शिक्षकहरुको तलब भत्ता अनुदानमा खर्च गरेको मनासिव नदेखिएको रु.....	
	गाँउपालिका पूँजिगत तर्फ	
